**सूचना**

श्रम ऐन, २०७४ को पालना गरौं,
श्रमिक, श्रमिक आपूर्तिकर्ता र
रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY


**केशरको व्यवसायिक उत्पादन**



पृष्ठ ३ मा

वर्ष-१२ ।। अङ्क : १८७ ॥ २०७७ कार्तिक १९ गते बुधबार (4th Oct. 2020,Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# संक्रमितको शव व्यवस्थापन आफन्तले गर्दा जोखिम बढ्यो

*झापा (प्रस) ।* 'कोभिड-१९' का कारण मृत्यु भएका व्यक्तिहरुको शव परिवार आफैले अन्त्येष्टि गर्न थालेपछि संक्रमणको जोखिम बढेको छ ।

कोरोना संक्रमण भएर मृत्यु भएका व्यक्तिहरुको शवको अन्त्येष्टि अरु मृतकसरह आफन्तले गर्न थालेपछि संक्रमणको जोखिम बढेको हो । पछिल्लो समय कोरोनाले मृत्यु भएका व्यक्तिको अन्त्येष्टिमा धेरैजना मलामी जाने क्रमले पनि संक्रमणको त्रास थपिएको छ । कोरोनाले मत्यु भएका कतिपय व्यक्तिको शव नेपाली सेनाले र कतिपयको परिवार आफैले अन्त्येष्टि गर्ने गरेका छन् । मंगलबार बिहान कोरोना संक्रमणबाट मृत्यु भएका गौरादह १ गेउरियाका ८४ वर्षिय गणेशबहादुर अधिकारीको शवको अन्त्येष्टि परिवार आफैले गरेका हुन् । त्यस्तै आइतबार कोरोनाकै कारण मृत्यु भएका कमल गाउँपालिका ५ मंगलबारेका ७२ वर्षिय खरेल थरका बृद्धको पनि परिवार आफैले अन्त्येष्टि गरेका थिए । जसबाट संक्रमणको जोखिम अत्यधिक



बढेको छ । सरकारले 'कोभिड-१९' का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि' संशोधन गर्दै घरमै आइसोलेशनमा संक्रमितको निधन भएमा आफन्तले शव व्यवस्थापन गर्न पाउने व्यवस्था गरेको छ ।

'कुनै व्यक्तिको घरकै आइसोलेशनमा मृत्यु भएमा आफन्तले स्थानीय प्रतिनिधि र प्रहरीलाई खबर गर्नुपर्छ । शवलाई आफन्तले पीपीई (पञ्जा, मास्क र पुरा बाहुला भएको गाउन) लगाई र्याप गर्ने र बडीब्यागमा राख्ने काम गर्नुपर्छ', संशोधित कार्यविधिमा भनिएको छ, 'आइसोलेशनमा राखेको स्थानबाट शव बोक्ने गाडीसम्म शव पनि आफन्तले नै लैजानु पर्छ । शव बाहन नभएको स्थानमा शव बोक्न प्रयोग हुने खट बोक्ने व्यक्तिले मृत शरीर नछुने गरी बनाउनु पर्छ र उनीहरुले सुरक्षा सामग्रीको प्रयोग गर्नु पर्छ ।' तर कोरोनाले मृत्यु भएका व्यक्तिको अन्त्येष्टिमा यी सावधानीका उपायहरु अपनाएको पाइदैन । मृतकका आफन्तहरुले शव व्यवस्थापन गर्दा खासै सतर्कता रहने गरेका छैनन् । झापाको कनकाई नगरपालिकाको कोटीहोम आर्यघाटमा कोरोनाले मृत्यु भएका व्यक्तिहरुको अन्त्येष्टि गर्दा खासै सावधानी अपनाउने गरिएको छैन । कोटीहोमका पाँचवटा घाटमध्ये उत्तरपट्टिको घाट कोरोनाले मृत्यु भएका व्यक्तिहरुको लागि छुट्याइएको छ । कोरोनाले मृत्यु भएकाहरुको शव जलाउँदा जुन सावधानी अपनाउनु पर्ने हो त्यो नअपनाइएको कनकाई नगरपालिकाका सूचना अधिकारी लक्ष्मी अधिकारीले बताए । अन्त्येष्टिको जिम्मेवारी लिएका नेपाली सेनाको टोली शवलाई आगो लगाएर हिडिसकेपछि आफन्तहरु नजिक जाने गर्दा जोखिम बढेको उनले बताए । 'कोरोनाले मृत्यु भएका व्यक्तिको शव अन्त्येष्टि गराउने बेला परिवारका एकजनालाई पीपीई लगाउन दिने गरिएको छ 'अधिकारीले भने , 'तर पीपीई लगाउनेले शव नष्ट नहुन्जेलसम्म पीपीई लगाएर बस्ने गर्दैनन् ।'

जिल्लामा कोरोनाबाट मृत्यु भएका व्यक्तिहरुको शव चारआलीस्थित नयाँ श्रीनाथ गणको सैनिक टोलीले व्यवस्थापन गर्ने गरेको छ । मृतकको शव व्यवस्थापनका लागि आफूहरुले सावधानी अपनाउँदै आएको

❖बाँकी अन्तिम पृष्ठमा

# कोरोनाबाट झापाका चार जनाको एकैदिन मृत्यु



ओली



अधिकारी

*झापा (प्रस) ।* कोरोना संक्रमणबाट झापाका चार जनाको एकैदिन मृत्यु भएको छ । मृत्यु हुने सबै पुरुष हुन् । बिर्तामोड , दमक , गौरादह र कमलका एक–एक जनाको मृत्यु भएको हो । बिर्तामोडमा मृत्यु हुनेमा शिक्षासेवी सनत ओली रहेका छन् ।

सोमबार राति ११ बजे काठमाडौको ह्याम्स हस्पिटलमा ६७ वर्षिय ओलीको उपचारका क्रममा मृत्यु भएको परिवारले जनाएको छ । बिगत तीन सातादेखि कोरोनाका कारण बिरामी परेका ओलीलाई विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको कोभिड अस्पतालमा राखेर उपचार गरिएको थियो। त्यहाँ संभव नभएपछि काठमाडौ लगिएको हो । बुद्धशान्ति गाउँपालिका जयपुर निवासी ओली केही वर्षदेखि बिर्तामोड ५ मा बस्दै आएका थिए । लामो समय शिक्षण सेवामा रहेका ओली आदर्श माध्यमिक विद्यालय जयपुरका पूर्व प्रधानाध्यापक हुन् । उनी ओली बंश समन्वय समितिका केन्द्रीय महासचिव समेत रहेका थिए । नेपाली काँग्रेसका क्रियाशील

❖बाँकी अन्तिम पृष्ठमा

# बिर्तामोडका ४ नगर प्रहरीसहित झापामा थपिए ६६ संक्रमित

*झापा (प्रस) ।* झापामा पछिल्लो २४ घण्टाभित्र ६६ जना कोरोना संक्रमित थपिएका छन् । थपिएकामध्ये २८ जना महिला र ३८ जना पुरुष छन् । सबैभन्दा बढी दमक नगरपालिकामा ३० जना थपिए भने बिर्तामोडमा १२ जना संक्रमित थपिएका छन् । दमकमा १४ महिला र १६ पुरुष गरी ३० जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । उनीहरु सबै स्थानीय बासिन्दा हुन् भने एक जना स्वास्थ्यकर्मी भएको जनाइएको छ । यस्तै बिर्तामोड नगरपालिकामा ४ महिला र ८ पुरुषमा संक्रमण पुष्टि भएको छ । संक्रमितमध्ये ४ जना नगर प्रहरी रहेका छन् । तीन पुरुष र एक महिला नगर प्रहरीलाई संक्रमण पुष्टि भएको नगरपालिकाका सिनियर अहेव दीपक सापकोटाले बताए । भद्रपुर नगरपालिकामा २ महिला ५ पुरुष, गौरादहमा २ महिला र ३ पुरुष, गौरीगञ्जमा २ महिला र २ पुरुषमा पनि संक्रमण पुष्टि भएको छ ।यसैगरी, मेचीनगरमा २ महिला र १ पुरुष, कमल गाउँपालिकामा १ महिला र १ पुरुष, कनकाई र अर्जुनधारा नगरपालिकामा १– १ जना पुरुष र बुद्धशान्ति गाउँपालिकामा १ जना महिलामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । योसँगै जिल्लामा कोरोना संक्रमितको सँख्या २२२० पुगेको छ । त्यसमध्ये १३५४ जना निको भएका छन् ।






# विपी मार्ग स्तरीय हुन नसकेको आरोप



*भद्रपुर (प्रस) ।* भद्रपुरमा सघन सहरी विकास आयोजनाअन्तर्गत निर्माण भइरहेका सडकको गुणस्तरमाथि प्रश्न उठिरहेका बेला भद्रपुर १० स्थित विपी टोलमा निर्माण भइरहेको धनुषमोड घोडामारा सडकको काममा कमसल निर्माण सामग्री प्रयोग भएको आरोप लागेको छ ।

आयोजनाका प्राविधिक सडक निर्माणस्थलमा न्यून मात्रामा उपस्थित हुँदा सब वेश तथा वेश ग्राभेलिङको काम सम्पन्न गर्दा निर्माण कम्पनीले मापदण्ड अनुसार निर्माण सामग्री प्रयोग नगरेको स्थानीयले आरोप लगाएका हुन् ।

वेश ग्राभेलिङको काम सम्पन्न भएको विपी मार्गको धनुषमोड खण्डमा मापदण्ड अनुसार निर्माण सामग्री प्रयोग नहुँदा कालोपत्रेको अवस्थामा पुगेको सडकमा पानी पर्दा जमिरहेको देखाउँदै स्थानीय अरविन्द अधिकारीले कमसल सामग्री प्रयोग भएको दावी गरे ।

श्रेष्ठ कन्स्ट्रक्सनले निर्माण गरिरहेको सो सडकमा प्रयोग भएका सामग्री कमसल रहेकोले वेश ग्राभेल भत्कन थालेको स्थानीयको आरोप छ । स्थानीयका अनुसार ग्राभेलिङमा एकरूपता नहुँदा कतैकतै पानी जम्ने समस्या देखिएको हो ।

निर्माण सम्पन्न भएका तथा रकम भुक्तानी दिइएका सडक समेत चिराचिरा हुँदै भत्कन थालेको भन्दै स्थानीयले तलैदेखि राम्रो काम हुनु पर्ने माग राखेका छन् ।

निर्माण कम्पनीले पनि कामदारका भरमा रातारात काम गर्ने गरेको छ । सोही कारण आवश्यक मात्रा नमिलेर ग्राभेल धसिने अवस्थामा आइपुगेको स्थानीय बताउने गर्छन् । भद्रपुर नगर क्षेत्रमा पहिलो, दोश्रो र तेस्रो चरण गरी तीन खण्डमा भइरहेका अधिकांस सडक स्तरीकरणका काम निर्माण ठेकेदार कम्पनीले कन्ट्राक्ट ठेकेदारका भरमा जिम्मा लगाउँदा निर्माण गुणस्तरमाथि प्रश्न उठ्ने गरेको छ । निर्माण सम्पन्न भएका सडकका नाली चर्कने, ग्राभेलिङ तथा कल्भर्ट धसिने र कालोपत्रे उक्कने समस्या

❖बाँकी अन्तिम पृष्ठमा


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


**माता पाथिभरा फर्निचर**

बिर्तामोड-७, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर

प्रो. देवी दंगाल ☎ 9841351368, 9806035571







थ्री पिस दराज
बक्स पलङ
टु पिस दराज
सोफा सेटहरु

लगायत घरायसी सजावटका सम्पूर्ण फर्निचरका सामानहरु ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

# प्रदेश -१ मा संक्रमितको संख्या २० हजार नजिक




*झापा (प्रस) ।* प्रदेश -१ मा कोरोना संक्रमितको संख्या २० हजार नजिक पुगेको छ। सामाजिक विकास मन्त्रालयका अनुसार मंगलबारसम्म प्रदेशमा १९ हजार ७९१ कोरोना संक्रमित रहेका छन् । जसमध्ये आठ हजार ५२ जना होम आइसोलेसनमा छन् ।
प्रदेश- १ का घना जनसंख्या रहेको तराईका तीन जिल्ला मोरङ, सुनसरी र झापा सबैभन्दा बढी संक्रमित रहेका छन् । मोरङमा नौ हजार ३ सय ५१, सुनसरीमा ६ हजार ५ सय २९, झापामा दुई हजार २ सय ९८ जना संक्रमित रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेशका विभिन्न कोभिड अस्पतालहरुको आइसियुमा ५३ जनाको उपचार भइरहेको छ । त्यसैगरी २० जनाको भेन्टिलेटरमा राखेर उपचार भइरहेको छ। प्रदेशमा कोरोनाका कारण अहिलेसम्म १ सय ९२ जनाको मृत्यु भइसकेको छ। प्रदेश १ मा कोरोनामुक्त हुनेको संख्या ११ हजार ५ सय ४७ पुगेको छ । हालसम्म १ लाख ६२ हजार ४ सय १४ जनाको पीसीआर परीक्षण गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## विपी मार्ग ..

देखिन थालेको स्थानीय विष्णु राजवंशीको भनाइ छ। राजवंशीका अनुसार सडक निर्माणस्थलमा सरकारी प्राविधिक टोली कमै मात्र आउने गरेका छन् भने निर्माण ठेकेदार कम्पनीका प्राविधिक पनि पेटी कन्ट्राक्टरका कामदारको भरमा विश्वस्त भएर निर्माणाधीन संरचना बनिइरहेका छन् ।

नियामकको भूमिकामा रहेको सघन शहरी विकास कार्यालय भद्रपुरका इञ्जिनियर भने सघन शहरी विकासअन्तर्गत भइरहेका कामको गुणस्तर कमसल हुन नदिइएको दावी गर्छन् । निर्माण सम्पन्न भएपछि कतैकतै समस्या देखिए पुनः मर्मतसंहार गरेर मात्र ठेकेदार कम्पनीबाट सरकारले बुझ्ने आयोजना कार्यालयको दावी छ । यस आयोजनामा श्रेष्ठ कन्ट्रक्सन मकवानपुर–काठमाण्डौले ३० किमी, गजुरमुखी कन्स्ट्रक्सन इलामले २३ किमी, खनाल कन्स्ट्रक्सन इलामले ६ किमी र पुष्पाञ्जली जेभी अरनिको हेविटस जलथलले ५ किमी सडक नाला निर्माणको जिम्मा लिएर काम गरिरहेका छन् । बहुवर्षे आयोजनाअन्तर्गत ६ वटा प्याकेजमा २५ वटा योजनाका कामहरू पक्की नाला निर्माणसहित सडक विस्तार भइरहेको छ । दुई अर्व रुपैयाँमा ५ वर्षभित्र भद्रपुर नगरपालिकाभित्र रहेका साना तथा साँघुरा सडक फराकिला बन्ने निर्धारित लक्ष्य छ ।

## संक्रमितिको....

उपसेनानी सन्दीप अधिकारीले बताए । उनले शव अन्त्येष्टिका बेला आफन्त र मलामीहरुलाई ५० मिटर टाढा राख्ने गरेको जानकारी दिए ।
योभन्दा अगाडि कोरोना भाइरसको संक्रमणबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले गर्दै आएको थियो। यो कार्यविधि अस्पतालमा मृत्यु भएका व्यक्तिका लागि बनाइएको थियो। तर होम आइसोलेसनमै मृत्यु भएमा के गर्ने भन्ने कुरा भने कार्यविधिमा उल्लेख गरिएको थिएन ।

यदि होम आइसोलेसनमा बसिरहेका संक्रमितको मृत्यु भएमा पनि सम्बन्धित व्यक्तिका आफन्तले जानकारी गराएपछि केन्द्रले नै व्यवस्थापन गर्दै आइरहेको थियो। संक्रमण देखिएका व्यक्तिको शव व्यवस्थापन गर्दा धेरै सतर्कता अपनाउनु पर्ने सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् ।
'संक्रमित व्यक्तिको शव व्यवस्थापन गर्नु पर्ने अवस्था भयो भने सावधानी अपनाउनुपर्ने हुन्छ । डेथबडीबाट सरेको भन्ने त थाहा छैन अहिलेसम्म तर पनि सावधानी त अपनाउनु पर्छ। जस्तो बिरामीले थुक्दा वा हाँछ्यू गर्दा र्‍याल, थुकका छिट्टा निस्केको हुन सक्छ। त्यही ठाउँमा आफन्तले छोए भने संक्रमणको जोखिम बढी हुन सक्छ', उनले भने,'अर्को कुरा भनेको शवको सनाखत गर्ने जो हुनुहुन्छ। उहाँहरुले सनाखत गर्दा मास्क र पञ्जाहरु नलगाएको अवस्थामा भाइरस सर्न सक्छ। जसलाई हामी ' बडी सेक्रेसन' भन्ने गर्छौं। यसमा र्‍याल, थुक, सिँगान विशेषगरी पर्छन्। यसकारण आफन्तले उच्च साबधानी अपनाउनु पर्ने हुन्छ।'
डा. पुनका अनुसार अन्य व्यक्ति भन्दा पनि शव व्यवस्थापनमा खटिने व्यक्तिले सुरक्षाका सामग्री सावधानीपूर्ण रुपले प्रयोग गर्नुपर्छ । सरकारले कार्यविधिमा उल्लेख गरिएका अनुसार प्रयोग गरिनुपर्ने पीपीई, मास्क, पञ्जा सबैको पहुँचमा नहुन पनि सक्छ। यदि कोहीसँग भएपनि कसरी प्रयोग गर्ने भन्ने बारे थाहा नहुन पनि सक्छ।
त्यस्तै सामान्य मानिस र तालिमप्राप्त मानिसले शव व्यवस्थापन गर्दा धेरै फरक पर्ने जनस्वास्थ्यविज्ञ डा. केदार बराल बताउँछन्।
आफन्तले शव व्यवस्थापन गर्दा संक्रमणको जोखिम अति नै न्यून हुने भनेर सरकारले भन्दै गर्दा व्यवहारिक हिसाबले हेर्दा यो एकदमै कठिन काम भएको डा. बरालले बताए।
'कन्टामिनेटेड'बाट सर्ने भएपनि बिरामी बसेको कोठाहरुमा भाइरस बाँकी छन् भने केही समय भाइरस सर्भाइभ भएको हुन सक्छ । उक्त कोठा भेन्टिलेटेड छ कि छैन, लुगाहरु, ढोकाको ह्याण्डिलहरु कसरी प्रयोग भएका थिए। के गर्ने वा कसरी गर्ने भन्ने कुराको गाइडेन्स भयो भने हुन सक्ला तर ग्रामीण भेगतिर भनेजस्तो सबै गर्न गाह्रो हुन सक्छ', उनी थप्छन्,'अहिले संक्रमण फैलिसकेको हुनाले यसको व्यवस्थापनका लागि सावधानी अपनाउँदै जानु पर्छ भन्ने हिसाबले सरकारले यसो गरेको हुनुपर्छ। तर व्यवहारिक हिसाबले हेर्ने हो भने यो एकदमै कठिन छ। अप्ठ्यारो छ। जोखिमपूर्ण पनि छ। 'कन्टामिनेटेड' हुने सम्भावना धेरै छ। सबै कुरा सबैसँग उपलब्ध नहुन सक्छ।'
डा. बरालका अनुसार कन्टामिनेटेड हुने भएका कारण हावाको जति जोखिम नभए पनि छोइएपछि सर्न सक्ने सम्भावना रहिरहन्छ ।

अन्तिम संस्कारमा परिवारका सदस्यहरु र संस्कारमा संलग्न हुने व्यक्तिले सावधानी अपनाई अन्त्येष्टि गर्नु पर्ने स्वास्थ्य मन्त्रालयले बताएको छ । तर अन्त्येष्टिमा भने बच्चा र ६० वर्षभन्दा माथिका व्यक्ति लगायत जोखिम समूहमा पर्ने व्यक्ति समावेश नगराउन अनुरोध गरेको छ।

# आजदेखि दमकमा आंशिक निषेधाज्ञा




*दमक (प्रस) ।* कोरोना जोखिम बढेको भन्दै दमक नगरपालिकाले अपरान्ह ४ बजेदेखि बिहान ७ बजेसम्म दमकमा निषेधाज्ञा जारी गरेको छ । आज बुधबारदेखि लागू हुनेगरी दमकमा निषेधाज्ञा जारी गरिएको दमक नगरपालिकाकी उपप्रमुख गीता अधिकारीले जानकारी दिइन् ।
नगर प्रमुख रोमनाथ ओलीको अध्यक्षतामा मंगलबार बसेको कोरोना रोकथाम तथा समन्वय समितिको बैठकले बुधबारदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरिएको समयमा पूर्णरुपमा बजार बन्द हुने निर्णय गरेको छ ।
पूर्णरुपमा लकडाउन गर्नुपर्ने आवाज उठेपनि मुख्य राजमार्गसँग जोडिएको नगरपालिका भएको तथा अन्य विविध कुराहरुले गर्दा आंशिक समय मात्र निषेधाज्ञा जारी गरिएको उपप्रमुख अधिकारीले जानकारी दिइन् । बेलुकीको समय अनावश्यक भीडभाड हुने गरेकाले त्यसलाई रोक्न सो अवधिभित्र पूर्णरुपमा बजार साथै हिडडुलमा रोक लगाइएको नगरपालिकाले जनाएको छ । त्यस्तै, दमककै बेलडाँगीमा निर्माणाधिन अक्सिजनसहितको ३० बेडको कोभिड अस्पताल आगामी आइतबारदेखि सञ्चालनमा ल्याउने बैठकले निर्णय गरेको छ । नगरपालिकाले त्यहाँ ३० बेडको कोभिड अस्पताल निर्माण गरिरहेको छ । सो अस्पतालमा अक्सिजनसहितको उपचार सेवा सूचारु गरिने उपप्रमुख अधिकारीले बताइन । दमक उद्योग वाणिज्य संघले निजी क्षेत्रसंगको सहकार्यमा सुविधा सम्पन्न कोभिड अस्पताल सञ्चालनको समेत प्रस्ताव गरेको संघका अध्यक्ष गोकुल श्रेष्ठले बताए ।

बैठकले वडा–वडामा स्वास्थ्यकर्मीहरु परिचालन गरेर कोरोना संक्रमितहरुको अवस्थाबारे बुझ्ने र आवश्यक स्वास्थ्य उपचारको बन्दोबस्त गर्ने निर्णय समेत गरेको छ । मंगलबार बिहान दमक नगरपालिकाले सर्वदलीय बैठक राखेको थियो । सर्वदलीय बैठकबाट निषेधाज्ञा गर्ने विषयमा सहमति नजुटेसँगै कोरोना रोकथाम तथा समन्वय समितिको बैठक बसेको थियो ।


## लगनशील कृषि सहकारी संस्था लि. को

## १३ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

सहकारी ऐन २०७४ तथा नियमावली २०७५ र सहकारी विभागको साधारणसभा सम्पन्न गर्ने सम्बन्धी जारी सूचना बमोजिम यस लगनशिल कृषि सहकारी संस्था लिमिटेड कमल ५ को १३ औँ वार्षिक साधारण सभा गर्नका लागि तपशिलको मिति र स्थानमा प्रतिवेदन वितरण गरिने भएको हुँदा शेयर सदस्य महानुभावहरुलाई जानकारीका लागि यो १० दिने सूचना प्रकाशित गरिएको छ। वार्षिक प्रतिवेदन वुझिलिन आउँदा आफ्नो परिचय खुल्ने परिचयपत्र ( शेयर सदस्य प्रमाणपत्र, नागरिकता, लाईसेन्स, भोल्टर कार्ड आदिमध्ये कुनै एक ) सहित स्वयम् शेयर सदस्य उपस्थित भई वार्षिक प्रतिवेदन बुझिलिनुहुन अनुरोध छ ।
तपशिलः
१) वार्षिक प्रतिवेदन बुझिलिने मितिः २०७७ साल कार्तिक १९, २० र २१ गते कार्यालय समय सम्म
२) स्थान : संस्थाको कार्यालय कमल -५, झापा
३) रक्तदान कार्यक्रमः २०७७ कार्तिक २२ गते बिहान ०८ बजे
४) स्थानः रेडक्रस भवन दमक झापा
५) प्रतिवेदन अध्ययन गरि सुझाव पेश गर्ने वा नामावली दर्ता गर्ने मितिः २०७७ कार्तिक २२ गतेदेखी २५ गतेसम्म
६) साधारण सभा : २०७७ कार्तिक २७ गते बिहान १० बजे
७) स्थानः संस्थाको सभाहल ( अन्तिम साधारण सभामा सहभागी हुन चाहने सदस्यहरुले अनिवार्य २५ गतेभित्र नाम दर्ता गर्नुपर्ने छ । )
पुनश्चः कार्यालयमा उपस्थित भई प्रतिवेदन बुझिलिने सदस्यलाई खाजा तथा यातायात खर्च वापत रु. ५००/- उपलब्ध गराइनेछ ।

**लगनशील कृषि सहकारी संस्था लि.**
कमल-५, झापा ( फोनः ०२३-५८५४३८)



## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


# 'तामाङ र बराइलीको मृत्यु कोरोनाबाट होइन'



*दमक (प्रस) ।* दमक ८ घर भएकी ६५ वर्षिया लमु तामाङको कोरोना संक्रमणबाट मृत्यु नभएको परिवारले स्पष्ट पारेको छ । ती महिला स्वास्थ्यकर्मीको कोरोना संक्रमणबाट मृत्यु भएको समाचार प्रकाशित भएको थियो । दमकको आम्दा अस्पतालमा लामो समय काम गरेर अवकास भएकी उनको गत आइतवार विराटनगरको विराट मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको थियो । उपचार अघि गरिएको पिसिआर परीक्षणमा संक्रमण देखिएपनि उपचारका क्रममा भने रिपोर्ट नेगेटिभ देखिएको थियो । उपचारका क्रममा विरामीको मृत्यु भएपछि दमक नगरपालिकाको स्वास्थ्य शाखाले संक्रमणबाट नै मृत्यु भएको सार्वजनिक गरेको थियो । स्वास्थ्य शाखाका कुवेर भट्टराईले प्राविधिक भूलवस हुन पुगेको भन्दै सुधार गरिएको प्रष्टयाए । ती मृतकलाई कोरोना मृतकको सूचिवाट हटाइएको उनले जनाए । दमकमा हालसम्म संक्रमणवाट १८ जनाको ज्यान गएको छ ।यसैवीच,मृतकको शव अहिले धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको शव गृहमा राखिएको छ । मृतकका छोराछोरी वेलायत रहेका आएलगत्तै अन्त्येष्टि गरिने जनाईएको छ ।

त्यस्तै बिर्तामोड ५ निवासी मनोज बराइलीको कोरोनाका कारण मृत्यु नभएको नगरपालिकाले जनाएको छ । बराइलीको मंगलबार बिहान नोवेल हस्पिटल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको हो । मुटु रोगी ६५ वर्षिय बराइलीले केही वर्षअघि मुटु प्रत्यारोपण गरेका थिए । उनको पिसिआर रिपोर्ट केही दिनअघि पोजिटिभ आएकोमा उनी संक्रमणबाट निको भइसकेका थिए । मृत्युपछि गरिएको परीक्षणमा पनि उनको रिपोर्ट नेगेटिभ आएको जनाइएको छ । यद्यपि उनको नेपाली सेनाले कनकाई माईमा अन्त्येष्टि गरेको छ ।

# दमकमा हिंड्दाहिंड्दै एक युवकको मृत्यु



*दमक (प्रस) ।* दमकमा मंगलबार एक युवकको बाटोमा हिँड्दाहिँड्दै मृत्यु भएको छ । दमक ४ कृष्णमन्दिरका नन्द थेवेका छोरा २९ बर्षिय विश्वदिप थेबेको बाटोमा हिंड्दाहिँड्दै मृत्यु भएको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।
बाटो किनारमा बेहोस भएर ढलेको अवस्थामा थेवेलाई स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । उनलाई तत्काल उद्धार गरी दमक अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको ईलाका प्रहरी कार्यालय दमकका प्रमुख प्रहरी नायव उपरिक्षक बिजयराज पण्डितले जानकारी दिए । घटनाको बिषयमा अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

## धानको...

शर्माले समर्थन मूल्यमा कसैले धान खरिद नगरी दिँदा बाध्य भएर किसान व्यापारीले भनेको मूल्यमा धान बिक्री गरेको बताए ।
शर्माका अनुसार सरकारले किसानलाई प्रोत्साहित गर्न प्रतिक्विन्टल मोटो धानको मूल्य २७ सय ३५ रुपैयाँ र मध्यम धानको २८ सय ८५ रुपैयाँ मूल्य निर्धारण गरेको भए पनि दाङका किसान प्रतिक्विन्टल २ हजार २ सय रुपैयाँमा धान बिक्री गर्न बाध्य छन् । कृषक समूह महासंघ नेपालका अध्यक्ष नवराज बस्नेतले सरकारले धानको समर्थन मूल्य निर्धारण गरेर मात्र किसानको हित नहुने बताए । उनले सरकारले किसानको हितका लागि निर्धारण गरेको समर्थन मूल्य कार्यान्वयन ल्याएपछि मात्र किसानले लाभ लिने बताए । उनले भने, 'यदि सरकारले निर्धारण गरेको मूल्य कार्यान्वयन नै नआउने हो भने मूल्य निर्धारण गर्नुको औचित्य छैन ।'सरकारले धानको समर्थन मूल्य २ असारमा नै निर्धारण गरेको थियो । उनले भने, 'तर किसानले भने धानको मूल्य नपाएर प्रतिक्विन्टल साढे ७ सय रुपैयाँ सस्तोमा बिक्री गर्नुपरेको छ । सरकारले निर्धारण गरेको मूल्य कार्यान्वयनमा ल्याउन सरकारी संयन्त्र नबनाउँदा स्थानीय व्यापारीलाई बाध्य भएर सस्तो मूल्यमा धान बिक्री गर्नुपरेको छ ।' कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसीले सरकारले निर्धारण गरेको धानको समर्थन मूल्यमा खाद्य व्यापार कम्पनीले किसानबाट धान खरिद गर्छ भन्ने अपेक्षामा मन्त्रालयले समयमा कार्यविधि नबनाएको बताए । उनले खाद्य व्यापार कम्पनीले किसानले उत्पादन गरेको धान खरिद गर्न नसक्ने देखेपछि मन्त्रालयले सहकारीमार्फत किसानको धान खरिद गर्न सक्ने प्रणाली ल्याएको बताए ।
धानको समर्थन मूल्य २ असारमै निर्धारण गरी सकेको भए पनि कार्यान्वयनका लागि कार्यविधि तयार गर्न केही ढिलो भएको प्रवक्ता केसीले बताए । सहकारमार्फत अनुदानमा किसानको धान खरिद गर्न कार्यविधि तयार भइसकेको हुँदा अब धानको समर्थन मूल्य बिस्तारै कार्यान्वयन गरिने प्रवक्ता केसीले बताए ।

## कोरोनाबाट ...

सदस्य ओली बिर्तामोड नगर समितिका सदस्य र ५ नं वडा कार्य समितिका सल्लाहकार रहेका थिए
त्यस्तै दमकमा फेरि एकजना कोरोना संक्रमितको मृत्यु भएको छ। मृत्यु हुनेमा दमक नगरपालिका वडा नं ६ पुरानो सब्जी बजार निवासी ७१ वर्षिय खड्गबहादुर अधिकारी रहेका छन् । उनको मंगलबार बिहान ६ बजे घरैमा मृत्यु भएको हो । कात्तिक १० गते संक्रमण पुष्टि भएका अधिकारी होम आइसोलेसनमा रहेका थिए । उनको शव नेपाली सेनाले अन्त्येष्टि गरेको नगरपालिकाका स्वास्थ्य शाखाका कुवेर भट्टराईले बताए । योसँगै दमकमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या १९ पुगेको छ ।
त्यस्तै गौरादहमा पनि एकजना कोरोना संक्रमितको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गौरादह नगरपालिका १ गेउरिया निवासी ८४ वर्षिय गणेशबहादुर अधिकारी रहेका छन् । उनको मंगलबार बिहान १० बजे आफ्नै घरमा मृत्यु भएको हो । लामो समयदेखि क्यान्सर रोगले पीडित अधिकारीलाई कात्तिक ७ गते संक्रमण पुष्टि भएको थियो । उपचारको क्रममा उनलाई कोरोना पोजेटिभ देखिएको नगरपालिकाका प्रवक्ता नगेन्द्र भण्डारीले बताए । योसँगै गौरादहमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ६ पुगेको छ ।

त्यस्तै मंगलबार दिउँसो कमल गाउँपालिकामा एकजना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा कमल वडा नं ४ का ५० वर्षिय इन्द्र आङदम्बे रहेका छन् । कात्तिक १५ गते नोवेल विराटनगरमा संक्रमण पुष्टि भएका उनको घरैमा मृत्यु भएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताइन् । योसँगै कमलमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ४ पुगेको छ भने जिल्लामा ५३ पुगेको छ ।


## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

**सफलतापूर्वक उपचार हुने समस्याहरू**
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# जोखिमयुक्त अवस्था

**कोरोना महामारीको संक्रमण आम रूपमा फैलदै गर्दा संक्रमणबाट गम्भीर भएका बिरामीको संख्या र चाप बढ्दै गइरहेको छ । तर, ती बिरामीको उपचारका लागि अस्पतालमा चाहेको र भनेकोजस्तो सहजै शैय्या उपलब्ध हुन सकिरहेको छैन । परिणामतः धेरै गम्भीर र संक्रमित बिरामी पनि होम आइसोलेसनमा बस्न बाध्य भएका छन् । उचित उपचार र निगरानी हुन नसक्दा कतिपय संक्रमित मृत्युको मुखमा पर्न पुगेका छन् ।**

**सरकारले कम जोखिम र कम गम्भीर प्रकृतिका बिरामीलाई घरैमा होम आइसोलेसनमा बसी उपचार गर्न र अस्पतालमा कम भीडभाड गर्न तथा चाप कम गराउन भन्दै नीति बनाएपछि घरैमा बसेर उपचार गरिरहेकाहरू संक्रमणले च्यापी गम्भीर हुँदासम्म पनि अस्पतालमा आवश्यकता अनुरूपको शैय्या र आईसीयू सुविधा पाउन सकेका छैनन् । यसले गर्दा गम्भीर प्रकृतिका संक्रमित ज्यान जोखिममा राखेर होम आइसोलेसनमा बस्न बाध्य भइरहेका छन् ।**

**सरकारले यसअघि तोकिएको मापदण्डअनुसार शैय्या तथा भेन्टिलेटरसहितको सेवा र सुविधा दिन सबै स्वास्थ्य संस्थालाई निर्देशन दिइसकेको र आदेशअनुसार ती तयारी हालतमा रहेको भनी जानकारी पनि गराएको थियो । तर, अहिले गम्भीर संक्रमितको संख्या बढ्दै जाँदा आवश्यक सेवासुविधाको अभाव हुन गएको छ । यसले बढ्दै गरेको संक्रमित बिरामीको आवश्यकताअनुसार सेवासुविधा पुर्‍याउन नसक्ने देखिन गएको छ । दिन प्रतिदिन देशभर गम्भीर प्रकृतिका संक्रमितको संख्या बढ्दै जाँदा अबका दिनमा अस्पतालका आईसीयू र भेन्टिलेटरमा उपचाररत संक्रमितको संख्या बढेर जाने निश्चित छ । हाल गम्भीर प्रकृतिका संक्रमितको चाप बढिरहेको छ । तर, बढिरहेको कोरोना संक्रमणको अति गम्भीर प्रकृतिका बिरामीको संख्याको अनुपातमा तदनुरूपका स्वास्थ्य सेवाहरूको विस्तार हुन सकिरहेको छैन । झापामा करीव हजार जना आइसोलेसनमा छन् । त्यसमध्ये अधिकांश घरैमा छन् । रोगले सिकिस्त बनाएपछि कुन अस्पताल लैजाने हो भनेर समस्या हुने गर्छ । हरेक दिन जिल्लाभर संक्रमितको संख्या थपिदै गइरहेको छ । जुन आफैंमा चुनौतीको विषय हो । जिल्लामा अब त दिनमा कम्तीमा दुई जनाको मृत्यु हुन जानु कम जोखिमयुक्त अवस्था होइन । त्यसैले, यस्ता प्रकृतिका बिरामीको उपचारका लागि आईसीयू र भेन्टिलेटरको शिघ्र व्यवस्था मिलाइयोस् ।**

# 'म कोरोनालाई जितेर होइन, बालबाल बाँचेर फर्किएँ'



❖ राजेन्द्र बहादुर सिंह

कोरोना संक्रमणबाट बचेर भर्खरै डिस्चार्ज भएको छु । मलाई संक्रमण कसरी भयो, त्यो पत्ता लगाउन सकेको छैन । किनकि मेरो ट्राभल हिष्ट्री थिएन । केही महिना यता मेरो २०-२२ जना मान्छेभन्दा बढीसँग भेट पनि भएको थिएन । तर, मलाई संक्रमण भयो ।


हामी कहाँ अहिले सबैभन्दा ठूलो भ्रम कोरोनालाई जित्ने भन्ने छ । तर, सत्य यो होइन । कोरोनालाई जित्ने होइन, यसबाट बच्ने हो । धेरैलाई लागेको छ, कोरोनालाई सहजै जितिन्छ । तर, यस्तो होइन । म अहिले कोरोनालाई जितेर घर फर्किएको होइन, बाँचेर फर्किएको हुँ । विश्वमा सात अर्ब जनसंख्या छ । तीमध्ये २ करोड ५३ लाखभन्दा बढी मानिस संक्रमित भइसकेका छन् । सबैका आ-आफ्नै अनुभव होलान् । सबैको अनुभव एकै खालको हुँदैन ।

तर, मेरो अनुभवले के भन्छ भने यो सामान्य संक्रमण हुँदै होइन । पहिलेदेखि नै यसलाई जसरी सामान्य रुपमा लिइएको छ, यथार्थमा यो निकै गम्भीर संक्रमण हो । सबैलाई लक्षण नदेखिन सक्छ, सबै खालका लक्षण पनि नदिन सक्छ । मलाई पाँच दिनसम्म लगातार १०२ डिग्री ज्वरो आयो । छैटौं दिनमा रिपोर्ट पोजेटिभ आयो । आठौं दिनमा म ललितपुरको स्टार अस्पतालमा भर्ना भएँ । मेरो अवस्था क्रिटिकल थियो । मेरो उपचार आईसीयूमा भएको हो । मैले सही समयमा उपचार नपाएको भए गाह्रो हुने रहेछ ।

मेरो एक साता लामो अस्पताल बसाइमा उपचारमा कमी भएन । स्टार अस्पतालमा विश्वस्तरीय सेवा पाइने रहेछ । अझ खुसीको कुरा त के भने २०-२२ वर्षका नर्सिङ स्टाफले खटेर काम गरेका छन् । उनीहरुले १२ घण्टा बिरामीको सेवा गरिरहेका छन् । त्योभन्दा ठूलो धर्म र योगदान अरु के हुन सक्छ ? १२ घण्टाको ड्युटीमा एक पटक खाना खान पीपीई खोल्न पर्दा एक घण्टा लाग्दो रहेछ । उनीहरुले ठूलो झन्झट व्यहोरेर हाम्रो सेवा गरेका छन् ।

मेरो शरीरमा अक्सिजनको मात्रा कमी भएको थियो । अवस्था क्रिटिकल भएपछि रेम्डेसिभिर औषधि चलाइयो । ५ डोज रेम्डेसिभिर चलाएपछि मेरो रिपोर्ट नेगेटिभ आयो । अहिले पनि मेरो छातीमा संक्रमण छ । घरमा आराम गरिरहेको छु । पूर्णरुपमा ठीक हुन मलाई अझैं तीन-चार महिना लाग्न सक्छ । १०२ डिग्रीको ज्वरो लामो समयसम्म थेग्नु निकै कष्टकर हुन्छ । औषधि छैन । यस्तो अवस्थामा जोगिनुको अर्को विकल्प छैन ।

यदि कोही होम आइसोलेसनमा बस्नु भएको छ भने बेसार पानी, हर्रो र बर्रोको पछि नलाग्नुस् । मनतातो पानी खानुस्, बाफ लिनुस् । शरीरमा अक्सिनजनको मात्रा ९४ भन्दा तल झर्न नदिनुस् । पल्सलाई १०० भन्दा माथि जान नदिनुस् । यदि अक्सिजनको मात्रा ९० मा झर्‍यो भने तुरुन्तै अस्पताल गइहाल्नुस् । अहिले स्टार लगायतका अस्पतालले अनलाइनमा बिरामीलाई अब्जरभेसन गर्ने सुविधा ल्याएका रहेछन् । डाक्टरले दिनमा दुई पटक फोन गर्ने रहेछन् । यो सुविधा सबैले लिँदा राम्रो हुन्छ ।



अहिले धेरैलाई जोश चढेको छ । उद्योगधन्दा खोल्नुपर्छ भनेर भनिरहनु भएको छ । तर, अबको ३० दिन केही पनि गर्न हुँदैन । काठमाडौंमा मेयरसहितका मानिस संक्रमित भइसके । हामीले किन बुझ्न नसकेको हो कुन्नी ! यो निकै निर्मम रोग हो । काठमाडौंभित्रको मुभमेन्ट शतप्रतिशत रोक्नुपर्छ । बेसार पानी, हर्रो-बर्रो कोरोना लाग्नुअघि इम्युनिटी बुष्ट गर्नका लागि ठीकै होला । तर, लागि सकेपछि यसको कुनै अर्थ छैन । प्रधानमन्त्री केपी शर्मा ओलीले नै बेसार पानीको कुरा निकालेर मानिसहरुलाई हेलचेक्राइँ गर्न उकास्नु भयो । वास्तवमा कोरोना लागिसकेपछि यसको कुनै अर्थ छैन । अहिले अलिकति प्रभावकारी औषधि भनेको रेम्डेसिभिर रहेछ । त्यो पनि राइट टाइममा परेन भने प्रभावकारी नहुने रहेछ । अक्सिजनको मात्रा धेरै घटेपछि यसले असर गर्दैन । मलाई ज्वरो बाहेकका अन्य कुनै लक्षण थिएनन् । स्वाद, गन्धमा कुनै फरक थिएन । जिउ दुख्ने र पखाला लाग्ने केही पनि भएको थिएन । सास फुल्ने पनि भएको थिएन । त्यसैले आइसोलेसनमा बसेका कोहीले मलाई एकभन्दा अर्को लक्षण छैन, यो केही पनि होइन भनेर हेलचेक्राइँ गर्न हुँदैन । अक्सिजनको मात्रा ९० भन्दा तल झर्‍यो भने अस्पताल गइहाल्नु पर्छ ।

आइसोलेसनमा बस्दा सिटामोल दिनमा आठ चक्की भन्दा खानु नहुनेरैछ । पोजेटिभ हुने वित्तिकै कुनै अस्पतालको डाक्टरको सम्पर्कमा बस्ने र उसलाई आफ्नो सबै रिपोर्ट भन्नुपर्छ । जतिसक्दो धेरै आराम गर्नुपर्छ । तनाव लिन नहुने रहेछ । कुनै कुराको तनाव लिए ज्वरो तलमाथि हुने रहेछ । अहिले विश्वको डाटासँग तुलना गरेर मृत्युदर कम छ भनिएको छ । यसले समेत मानिसलाई हेलचेक्राइँ गर्न सघाएको छ । मलाई डेढ महिनाअघि मात्रै संक्रमण भएको भए बाच्दिनँ थिएँ, सायद । त्यो बेला रेम्डेसिभिर पनि नेपालमा उपलब्ध थिएन । अहिले निजी अस्पताल भर्सेज सरकारी भन्ने छ। तर, त्यस्तो होइन रहेछ । एक साता आईसीयूमा बसेर उपचार गराउँदा पाँच डोज रेम्डेसिभिर प्रयोग गर्दा ५०-६० हजारमा उपचार हुने रहेछ ।

अस्पतालमा बस्दा डा. अनिल पोखरेल, डा.साहिल रुपाखेती, डा. निरज हिराचन, डा. रविन्द्र कार्की र डा. फिलिप्सले गर्नुभएको उपचारप्रति मनैदेखि आभारी छु । नेपालमा सरुवा रोगका विशेषज्ञ धेरै छैनन् । यति हुँदाहुँदै मेरो उपचार गर्नु हुने डाक्टरको टिमको अध्ययन गज्जब लाग्यो । अहिले जतिपनि स्वास्थ्यकर्मीहरु सेवामा खटिनुभएको छ । उहाँहरु वास्तवमा भन्ने हो भने भगवान नै हो । तीन सेट पीपीई लगाएर, १२ घण्टा बिरामीको सेवा गर्नु भनेको चानचुने कुरा होइन । देशमा अहिले कोही हिरो छ भने स्वास्थ्यकर्मी नै हुन् । त्यसैले अहिले सबैले स्वास्थ्यकर्मीको हौसला बढाउन आवश्यक छ ।

मेरो अनुभवमा कोरोनाविरुद्धको यो अभियानमा राज्यको उपस्थिति पनि राम्रै रहेछ । रिपोर्ट पोजेटिभ आउने वित्तिकै फोन आउने रहेछ । गाह्रो, साह्रो परेमा सम्पर्क गर्न नम्बर दिने रहेछन् । म निजी सेवा लिन सक्ने क्षमता भएको मान्छे हुँ । सोही कारण स्टार अस्पतालमा उपचार गराएँ । ताकी क्षमता नहुने सरकारको सुविधा उपभोग गर्न पाउन भनेर हो । सोही कारण मैले राज्यको सेवा लिइनँ । अहिले अन्तर्राष्ट्रिय तथ्यांक र उदाहरण दिएर निषेधाज्ञा खोल्नु पर्ने भनेर हल्ला भइरहेको छ । यो एकदमै गलत कुरा हो । मेरो पनि व्यवसाय छ । हेलिकप्टर र एयरलाइन्स कम्पनी छ । घाटा मलाई पनि भएको छ । कुन चाहिँ देशमा लकडाउन गरिएको छ भनेर सामाजिक सञ्जालमा माइलेजका लागि सोच्दै नसोची कसैले बोल्न हुँदैन ।

काठमाडौंमा कोरोना समुदायस्तरमा फैलिएको छ । यसको अर्थ भनेको कोरोना तपाईं हाम्रो घर बाहिर घुमिरहेको छ । त्यसैले एक महिना पैसा नकमाउँदा मरिँदैन, खोले खाँदा मरिँदैन । काठमाडौंमा दैनिक पाँच सय जनामा संक्रमण पुष्टि हुँदा पनि मानिसलाई डर महसुस भएको छैन । मेरो विचारमा अबको एक महिना मानिसहरु घरबाहिर निस्कन हुँदैन । एक महिना खोले खाएर बस्दा मरिन्नँ । यदि खुला छोड्ने हो भने हरेकलाई संक्रमण हुने खतरा मैले देखेको छु । संक्रमण भएपछि भविष्यमा के हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन । अहिले जसरी मृत्युदर बढिरहेको छ । यो निकै गम्भीर विषय हो ।

कोरोना लागि सकेपछि भविष्यमा कस्तो स्वास्थ्य समस्या हुन्छ, कसैलाई थाहा छैन । सरकारले नै यति मानिसले कोरोना जितेर भनेर भन्छ । यसले अझ मानिसहरुलाई हेलचेक्राइँ गर्न बल पुर्‍याएको छ । यसबाट बच्ने भनेको सामाजिक दूरी कायम गर्ने, एक घण्टाको फरकमा साबनुपानीले हात धुने र मास्कको प्रयोग गर्ने नै हो । सकिन्छ भने परिवारसँग पनि सामाजिक दूरी कायम गर्ने बानी बसाल्दा कसैमा संक्रमण रहेछ भने अरुमा नसर्न सक्छ ।

*(तीन हप्ताअघि कोरोना संक्रमित भएका सिता एयर प्रा.लि.का प्रवन्ध निर्देशक सिंह गत बिहीबारमात्रै निको भएर अस्पतालबाट डिस्चार्ज भएका हुन् ।)*

# शरीर, शक्ति र राजनीति



❖ निर्जला अधिकारी

मानव सभ्यताको यस्तो इतिहास हो जसले कहिल्यै प्रस्ट रुपमा यसलाई स्वीकार गरेन तर कहिल्यै त्यसभन्दा माथि उठ्न पनि सकेन ।

एउटा दलित शरीरलाई किन उति नै बलियो र प्रभावशाली भएर पनि कमजोरको संज्ञा दिइराखियो ? किन एकजना महिला उत्तिकै बुद्धिमान भएर पनि शक्ति संरचनाबाट ठगिइरहिन् ? किन बुद्धिमानभन्दा मूर्ख तर सुन्दर नारी धेरैको हृदयमा बस्छे ? जब यी यस्ता प्रश्नहरुको सताउन थाल्छ तब हामीलाई लाग्न थाल्छ शरीरभन्दा राजनीतिक त अरु कुनै विषय नै छैन । लाग्छ, अहिलेसम्म भएका मोर्चा, आन्दोलन, लडाइँ शरीरकै राजनीतिमाथि गरिएका युद्ध हुन् ।
शरीरको राजनीतिलाई अंग्रेजीमा - 'बडी पोलिटिक्स' भनिन्छ । यसको सैद्धाान्तिक पक्ष उठाउने सुरुका व्यक्तिहरूमध्ये इतिहासविद् मिसेल फुको पनि हुन् । उनी आफ्नो पुस्तक 'बडी कन्डेम' मा लेख्छन् – 'शरीरको राजनीति यस्तो विषय हो जसले शरीर, शक्तिसंरचना र त्यसले निर्माण गर्ने ज्ञानको सम्बन्धबारे प्रष्ट पार्छ अनि यसको प्रत्यक्ष सम्बन्ध शरीर र शक्तिसंरचनासँग रहन्छ ।' यसैगरी जुडिथ बटलरको पनि यस विषयमा उल्लेखनीय स्थान छ । उनले महिलाको शरीरमाथि हुने राजनीतिबारे कुरा गरेकी छन् । 'शरीर' कतिको सबैथोक भएर पनि शरीरलाई किन केही होइन भनियो ? किन शरीरलाई क्षणभङ्गुर र आत्मालाई अमर मानियो ? किन मानिसको नाङ्गो शरीरलाई अश्लील भनियो र जनाबरकोलाई भनिएन ? यी यस्तै प्रश्नहरुको साङ्गोपाङ्गो उत्तर पाउन त कठिन छ तर हामी प्रयास त गर्न सक्छौं नि ।
मानव शरीर विभिन्न अंग प्रत्यङ्ग र विविध जैविक तत्वहरुको मिश्रण रहेछ । चाहेर नचाहेर हामी आफ्नै शरीरका दासदासीहरु रहेछौं । कहिले टाउको दुखेको बहानामा मस्त सुत्छौं कहिले मन दुखको बहानामा मस्त रुन्छौं । हामी शरीरको एकतमासको वृत्तमा एकोहोरो घुमिरहेका छौं । भन्न त कविहरुले शरीर केही होइन आत्मा अमर रहन्छ भनिदिए । तर, शरीर तिनले भने झैं 'केही होइन' मात्र हो त ?
युद्धमा हात गुमाएको सिपाही, प्रेम अस्वीकार गरेको बहानामा एसिड छ्यापिएकी किशोरी, कम उचाइका कारण अस्वीकृत युवती, तिमी त राम्रा छौ दलित होइन होला भनेर प्रश्न गरिएको युवक, आफ्नै छालाको रंग देखेर दिनहुँ फेयरनेस क्रिम दल्ने महिला यी सब कारणको पछाडि शरीर 'मात्र शरीर' हो त ? पक्कै होइन । शरीरमाथिको राजनीति राजनीतिक विषय हो भनेर नेपाली समाजले भने बिरलै छलफलको वस्तु बनायो । छलफलको विषय भए पनि विश्वविद्यालयका यस्ता कोठाहरुमा भए जसको ध्वनि बाहिर पुगेन । आज पनि आत्मा अमर छ शरीर क्षणभङ्गुर छ भनेर यसमाथि हुने राजनीतिबाट हामी पन्छिरहेका छौं । शरीरसँग गरिने व्यवहारको प्रत्यक्ष सम्बन्ध शक्ति संरचनासँग हुनेरहेछ । आज पनि राज्यले कुनै व्यक्तिमाथि गर्ने व्यवहार त्यही शक्तिद्वारा निर्देशित छ । हुन त हाम्रो शरीर सानो ठूलो होला, रंग कालो गोरो होला तर हाम्रो शरीर एउटै समिश्रणको मिश्रण हो । तर, पनि किन एउटा कालो छाला र अर्को गोरो छालाका बीचमा विभेद कायम नै छ । किन चुच्चो नाक र चिम्सा आँखा हुनेहरुले बिरलै छलफलको एउटै मञ्च पाउँछन् । शरीर यति नाजुक ढङ्गले शोषणको कारण बन्छ । यी यस्ता कुराहरु जब छलफलमा आउँछन् तब हामी नकार्न सक्दैनौ शरीर र शक्तिसँगका सम्बन्ध । त्यसैले त शक्तिको वरपरको शरीर बलियो ठहरिइरह्यो र शक्तिबाट परको शरीर शोषित बनिराख्यो । संसारको कथित भूमण्डलीकरण र उपनिवेशवादको सुरु कालाहरुले गरेको भए अहिलेजस्तो 'फेयरनेस क्रिम'को बजार यति व्यापक हुने थिएन कि ? न हामी घरबाट निस्कनेबित्तिकै घाम देखेर डराउने थियौं, न हामीबीच आफ्नो छालाको रंग धमिलो भएकोमा चिन्ता नै हुने थियो । हामीले बाँचेको समय सायद अर्कै हुने थियो । 'ब्ल्याक लाइफ म्याटरस'को सट्टा 'ह्वाइट लाइफ म्याटरस'जस्ता सामाजिक आन्दोलन पो हुने थिए कि ?




हाम्रो शरीर जसरी शक्तिकेन्द्रबाट निर्देशित र शोषित छ त्यस्तै हाम्रा विचारहरु पनि स्वचालित छन् । परिणामः शक्तिमा रहेको शरीरले शक्तिबाट पर रहेको शरीरलाई निकम्मा ठानिराखेको छ । त्यसैले आज पनि विश्वविद्यालयबाट निस्केको एक जना पुरुष शरीर र महिला शरीरमा दुई भिन्न प्रवृत्ति भेटिन्छ एउटामा नचाहिँदो दम्भ र अर्कोमा नचाहिँदो भद्रता । आज पनि पुरुषको अर्धनग्नता सामान्य र महिलाको बाहुला नभएको कपडालाई अश्लील मानिन्छ । शरीरमाथि हुने राजनीति सबै क्षेत्रमा हुने राजनीति जस्तै शक्ति र सत्ताको आडमा रहन्छ छ । जसले शक्ति र सत्ताको बागडोर शताब्दीयौंदेखि चलाए उनीहरुकै हातमा शरीरको लगाम पनि रह्यो । फलस्वरुपः उनीहरुभन्दा परका शरीर शोषण, दलन र तिरस्कारका कारण बनिराखे । अझै पनि महिला, दलित, पिछडिएका शरीरहरु प्रेम गरेको बहानमा, प्रेम अस्वीकार गरेको बहानामा प्रताडित भइराखेका छन् । निर्मला पन्त, नबराज बिकजस्ता अनेकौं शरीरमाथि गरिएको राजनीतिमा आज पनि समाज छलफल गर्न डराउँछ न्यायको कुरा त कता हो कता । राष्ट्रले अब यी यस्ता विषयमा छलफल र पुनःमूल्याङ्कन गर्ने अग्रसरता देखाउनु पर्ने हैन र ?

# इलाममा केशरको व्यावसायिक उत्पादन

***इलाम (प्रस) ।*** विश्वकै महँगो फूलका रूपमा परिचित केशरको इलाममा व्यावसायिक उत्पादन सुरु भएको छ । औषधीय गुण भएको केशरको इलामस्थित माइजोगमाई गाउँपालिकाको जौबारीमा व्यावसायिक उत्पादन सुरु गरिएको हो ।

दश लाख रुपैयाँ प्रतिकिलो पर्ने केशरको विगत वर्षमा परीक्षण उत्पादन भएको थियो । यस वर्षसमेत यसको उत्पादन सुरु भएको छ । व्यावसायिक उत्पादन गर्ने गरी इलाममा यसको सामूहिक खेती थालिएको छ । इलामको माइजोगमाईमा गएको वर्षदेखि परीक्षणका रूपमा उत्पादन सुरु भएको केशर यस वर्ष भने व्यावसायिक उत्पादन भएको छ । उत्पादन भएको केशर टिप्न सुरु गरिएको किसान टुण्डु शेर्पाले जानकारी दिए । औषधीय गुण भएको केशरबाट सुगन्धित तेल समेत बनाउन सकिने बताइएको छ । विगत वर्ष उत्पादन भएको केशर स्थानीय स्तरमा नै बिक्री भइसकेको उनले बताए ।

उच्च मूल्यको जडिबुटी केशरको परीक्षण उत्पादनपश्चात् दोस्रो वर्ष इलाममा यसको टिप्ने सुरु भइसकेको छ । किसानहरू केशर टिप्न व्यस्त छन् । जौवारी मल्टीपर्पोज एग्रीकल्चर एण्ड इन्भायोरमेन्ट सेन्टरले माइजोगमाई गाउँपालिका ६ को थुम्केडाँडा र जौवारी क्षेत्रमा सामूहिक रूपमा केशरको खेती सुरु गरी विस्तार गरेको थियो । प्रदेश- १ को भूमिव्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री राम रानाले उच्च पहाडी क्षेत्रमा केशरको विस्तार गर्न जरुरी भएको बताए । उनले खेती हुने जिल्लाका अन्य स्थानहरूमा समेत यसको खेती विस्तार गर्नु पर्नेमा जोड दिए ।

दुर्लभ वनस्पतिका रूपमा परिचित केशर नेपालको इलाममा मात्र व्यावसायिक खेती हुने गरेको बताइएको छ । उच्च मूल्यको



जडिबुटी केशर फुल्न थालेपछि इलामका किसान उत्साहित भएका छन् । लगातारको वर्षापछि गत सालभन्दा केही कम केशर फुलेको भए पनि माइजोगमाईको थुम्केडाँडामा केशर फूलेको हेर्न सर्वसाधारणदेखि मन्त्रीसम्मको बाक्लो उपस्थिति हुने गरेको छ । तर विगतभन्दा बढी क्षेत्रफलमा लगाइएकाले उत्पादन र आम्दानी बढ्नेमा किसानहरू ढुक्क छन् । थोरै मात्रामा हिउँ पर्ने र तुषारो पर्ने एक हजार पाँच सयदेखि दुई हजार पाँच सय मिटरको उचाई केशर खेतीका लागि उपयुक्त मानिन्छ । परीक्षणका रूपमा लगाइएको केशर विस्तारमा प्रदेश र स्थानीय सरकारले अनुसन्धान अगाडि बढाउनु पर्ने प्रदेशसभा सांसद खिनु लङ्वाले बताइन् । उनले यसको सम्भावना र फाइदाका विषयमा अझ जनचेतना जगाउन आवश्यक रहेको बताइन् ।

केशर उत्पादनका लागि धेरै फूलको आवश्यकता पर्दछ । फूलभित्रको रातो लुर्का संकलन गरी सुकाएर बिक्री गर्ने गरिन्छ । करिब डेढ लाख सुगन्धित फूलबाट मात्र एक किलो केशर प्राप्त हुने गर्दछ । गत वर्षदेखि तयारी केशरलाई जौबारी मल्टीपर्पोज एग्रीकल्चर सेन्टरले प्याकेजिङ गरी बिक्री गरेको संस्थाका प्रवर्द्धक बीरबहादुर कटवालले बताए । उनले अझ खेती बिस्तार गर्ने बताउँदै यस क्षेत्रलाई केशर हेर्नकै लागि पर्यटक भित्र्याउन आफूहरू लागिपरेको बताए ।

औषधीय गुण भएको केशर मसलाको रूपमा समेत प्रयोग गरिन्छ । यसको चिया, जुस र अन्य पेय पदार्थमा प्रयोग गर्न सकिने भएकाले बजारमा बिक्री गर्न समस्या छैन । केशरको व्यावसायिक विस्तारका लागि तालिम र अनुषन्धानमूलक कार्यक्रम किसानसम्म पुग्न जरुरी देखिएको छ । यसको बीउबिजन नै महँगो हुने भएपछि धेरै किसानहरूले खेती गर्न समेत सक्दैनन् । देशमा रहेका तीन तहका सरकारले केशर खेती हुने क्षेत्रका किसानहरूलाई बीउ र खेतीसम्बन्धी जानकारी दिन सके नेपालमा यसको उत्पादनमा वृद्धि हुने थियो । सम्भावना बोकेको केशरको उत्पादन थोरै भएपनि धेरै आम्दानी हुने गर्दछ ।

लेकाली क्षेत्रमा मात्र फस्टाउने केशर इलामकै अन्य क्षेत्रमा समेत उत्पादन गर्न सकिने यस खेतीमा आवद्ध भएकाहरूको भनाइ छ । जिल्लामा हिउँ पर्ने र बाक्लो तुसारो पर्ने धेरै क्षेत्रहरू छन् । ती क्षेत्रहरूमा समेत यसको विस्तार गर्न स्थानीय सरकारहरू समेत लागि पर्न जरुरी देखिन्छ । महँगो भए पनि अत्यधिक माग रहेको यहाँ उत्पादित केशर सबै जिल्लामा नै खपत भएको छ । गर्भवती महिलाका लागि निकै नै फलदायी केशरको फूल पानीमा भिजाएर समेत खाने गरेको गरिन्छ । निकै धनाढ्य परिवारमा भारतबाट झिकाएर यसको प्रयोग गर्ने गरिन्छ । तर नेपालमा नै केशरको उत्पादन हुन थालेपछि बिदेशबाट आयात गर्नु नपर्ने केशर उत्पादक किसानहरूको भनाइ छ । नेपालका बिभिन्न हिमाली तथा पहाडी स्थानमा यसको उत्पादन गर्न सकिन्छ । ठाउँ पहिचान गरेर सरकारी क्षेत्रबाट यसको उत्पादनमा विशेष कार्यक्रम ल्याउन स्थानीयले मागसमेत गर्दै आएका छन् ।

# धानको मूल्य नपाउँदा किसान मर्कामा

***झापा (प्रस) ।*** सरकारले निर्धारण गरेको धानको समर्थन मूल्य नपाउँदा किसान मर्कामा परेका छन् । सरकारले किसानलाई प्रोत्साहित गर्न प्रतिक्विन्टल मोटो धानको २७ सय ३५ रुपैयाँ र मध्यम धानको २८ सय ८५ रुपैयाँ मूल्य निर्धारण गरेको छ । तर, किसान भने समर्थन मूल्यभन्दा प्रतिक्विन्टल साढे ६ देखि साढे ७ सय रुपैयाँ सस्तो मूल्यमा धान बिक्री गर्न बाध्य छन् ।

सरकारले धानको समर्थन मूल्य निर्धारण गरेर कार्यान्वयनका लागि स्थानीय तहमा कुनै सरकारी संयन्त्र नबनाउँदा किसानले सस्तो मूल्यमा व्यापारीलाई धान बिक्री गर्नुपरेको हो । रौतहट गुजरा नगरपालिका-८ का ५० वर्षीय किसान मिश्रालाल चौधरीले धान मिलसँग सरकारले निर्धारण गरेको मूल्य माग्दा सिधै किन्न नसक्ने भनेपछि बाध्यताले २ हजारदेखि २२ सयमा धान बिक्री गर्नुपरेको बताए । उनले धान मिलसँग मोटो धान प्रतिक्विन्टल २ हजार रुपैयाँ र मसिनो धान २ हजार २ सय रुपैयाँमा बिक्री गर्नुपरेको बताए ।

किसान चौधरीले उत्पादित धान भण्डारण गर्ने ठाउँ नहुँदा व्यापारीले मागेकै मूल्यमा हालसम्म २५ सय क्विन्टल धान २ हजारका दरले बिक्री गरिएको बताए । किसान चौधरीले भने, 'दुःख गरेर उत्पादन गरेको धानको मूल्य आफैं निर्धारण गरेर बिक्री गर्न नपाउँदा साह्रै दुःख लाग्छ । उत्पादन गर्न हामी दुःख गर्छौं तर मूल्य अरूले नै लिन्छन् ।' त्यसो त किसानले मेयर, उपमेयर, वडाध्यक्षलगायतलाई नगुहारेका पनि होइनन् । तर, जति गुहार गर्दा पनि केही नभएपछि सरकारले निर्धारण गरेको समर्थन मूल्यभन्दा मसिनो धान प्रतिक्विन्टल ६ सय ८५ रुपैयाँ र मोटो धान ७ सय ३५ रुपैयाँ सस्तोमा व्यापारीलाई बिक्री गर्न किसान बाध्य भएका हुन् ।

दाङका कृषक समूह महासंघ, नेपालका जिल्ला अध्यक्ष खुसलराम शर्माले सरकारले निर्धारण गरेको मूल्य नपाउँदा किसान सारै मर्कामा परेको बताए । उनले भने, 'धान बाली लगाउँदा किसानले न समयमा मल पाए, न अहिले पाएका छन् । समयमा मल नपाएपछि किसानले महँगो मूल्य तिरेर खेतमा मल राखे तर अहिले किसानले राम्रो धान उत्पादन गरेका छन् । धानको मूल्य नपाएर २ हजार २२ सयमा प्रतिक्विन्टलमा बिक्री गर्न बाध्य भएका छन् ।'

अध्यक्ष शर्माले सरकारले निर्धारण गरेको समर्थन मूल्य कार्यान्वयनका लागि स्थानीय निकायलाई गुहार्दा स्थानीय निकायले धानको मूल्य निर्धारण गरेको थाहा नभएको जानकारी गराएको बताए । उनले सरकारीले सहकारी संस्थानलाई अनुदान समर्थन मूल्यमा धान खरिद गर्न अनुमति दिएको भए पनि हालसम्म कुनै पनि सहकारी संस्था वा सरकारी निकायले समर्थन मूल्यमा दाङमा किसानको धान खरिद नगरेको बताए । अध्यक्ष



❖बाँकी अन्तिम पृष्ठमा

# माईमा उद्यमशिलता तालिम

***इलाम (प्रस) ।*** इलामको माई नगरपालिकामा युवा सशक्तिकरण नगर संजालको आयोजनामा उद्यमशिलता तालिम हुने भएको छ । मानव अधिकार मंच र माई नगरपालिकाको सहकार्यमा ७ दिने उद्यमशिलता तालिम हुन लागेको हो । युवा स्वरोजगार स्थानीय स्रोत साधन प्रवर्द्धनका लागि युवाहरुलाई उद्यमशिलता तालिम दिन लागिएको हो । माई नगरपालिकाको प्रत्येक



वडाका २० जना युवालाई तालिम दिन लागेको माई युवा सशक्तिकरण नगर संजालका अध्यक्ष दिपेन्द्र सुब्बा संगमले बताए।

उद्यमशिलता तालिम लिने २० जनाबाट १४ लाई छनोट गरी सीपमूलक तालिम दिने बताईएको छ । १४ जनाबाट ६ जनालाई व्यवसाय संचालनका लागि आर्थिक अनुदान दिइने सुब्बाले बताए ।

## सर्वजनिक सुनूवाईमा उपस्थिती सम्बन्धी ७ दिने सूचना

मितिः २०७७/०७/१९ गते बुधबार

**पाथिभरा क्रसिङ्ग एण्ड एग्रिगेट प्रा.लि. द्वारा मेचिनगर नगरपालिका वडा नं. ८ को गिरीगाउँमा प्रस्तावित भएको क्रसर उद्योगको निर्माण तथा सञ्चालनका लागि प्रस्तावित प्रारम्भिक वातावरणिय परिक्षणका लागि प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवाला व्यक्ति तथा संस्थाहरुको राय सुझाव लिन सार्वजनिक सुनूवाई कार्यक्रम तपशिलको मिति, स्थान र समयमा संचालन हुने भएकाले उपस्थितीका लागि अनुरोध छ ।**

**तपशिलः**

**मितिः** २०७७ /०७/२६ गते बुधबार

**स्थानः** मेचिनगर नगरपालिका, वडा नं. ८ , गिरिगाउँमा रहेको प्रस्ताव कार्यान्वयन स्थल

**समयः** दिउँसो १:०० बजे

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०७०७६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation Illustration Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : प्रविधिका क्षेत्रमा उन्नति हुने देखिन्छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।
**वृष** : आज लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ ।
**मिथुन** : आज कार्य क्षेत्रमा सजग रहनु उचित हुने देखिन्छ । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ ।
**कर्कट** : आज पार्टी पिकनिक तथा सेमिनारमा सहभागीता भइएला । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ ।
**सिंह** : काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।
**कन्या** : काम गर्ने हौसला मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ ।
**तुला** : आम्दानी बढाउने काम सुरू गर्न सकिनेछ । नयाँ व्यक्ति संग भेटघाट हुने समयछ ।
**वृश्चिक** : आज शुभकार्यको चर्चा चल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।
**धनु** : अरूलाई प्रभावित पारेर काम बन्नेछ । नयाँ कार्यको योजना बन्नेछ ।
**मकर** : अचल सम्पत्ती हात पर्ने योगछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ ।
**कुम्भ** : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । साहित्यिक क्षेत्रमा रुची बढ्नेछ ।
**मीन** : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । मित्र वा आफन्तको सहयोगबाट सहयोग पाईनेछ ।